**प्यूठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार,प्यूठान**

# आ.व. २०८२/०८३को प्रगति विवरण सार्वजनीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रम

**प्यूठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार,प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

# प्यूठान नगरपालिकाको संक्षिप्त परिचय

प्यूठान नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत प्यूठान जिल्लामा र हाल लुम्बिनी प्रदेश मा पर्दछ। भौगोलिक हिसाबले यस नगरपालिका राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भागमा ८२ डिग्री ४६' ३०" देखि ८२ डिग्री ५७' ३०" पूर्वी देशान्तर र २८ डिग्री ३' ३०" देखि २८ डिग्री ११' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ।

१२८.९६ वर्ग कि.मि. क्षेत्रफल रहेको यस प्यूठान नगरपालिका उत्तरमा नौबहिनी गाउँपालिका र रोल्पा जिल्ला, पश्चिममा स्वर्गद्धारी नगरपालिका र माण्डवी गाउँपालिका, दक्षिणमा मल्लरानी गाउँपालिका र माण्डवी गाउँपालिका र पूर्वमा झिमरुक गाउँपालिका रही संरचित छानेपाल सरकारको निर्णयअनुसार २०७३/११/२६ साविकको प्यूठान नगरपालिकाका वडाहरु प्यूठान न.पा.(४,६—१७,१९), माझकोट गा.बि.स र जुम्रीकाँडा गा.वि.स. हरू समेटी प्यूठान नगरपालिका घोषणा गरिएको थियो। प्यूठान नगरपालिकाको अधिकतम औषत तापक्रम ३२.० डिग्री सेल्सियस र न्यूनतम औषत तापक्रम ८.० डिग्री सेल्सियस रहेको पाईन्छ। शैक्षिक तर्फ प्रा.वि सङ्ख्या ४५, नि.मा.वि. ८, मावि १२ गरी जम्मा ६५ वटा शिक्षण संस्थाहरू संचालित छन् यस मध्ये १२ निजी र १ शैक्षिक गुठी संस्था रहेका छन्। प्राकृतिक श्रोतको दृष्टिकोणले संभावनायुक्त, मानवीय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगरपालिकाबासी यस नगरपालिकाको दिगो विकासका आधार स्तम्भका रूपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी क्षेत्री जाति १३५२९ जना (३२.१%), दोस्रोमा मगर ८,९७७ जना (२१.३० %) र तेस्रोमा पहाडी ब्राम्ह्मण ४८७८ (११.६ %) हरूको बसोबास रहेको छ। केही भाग ऐतिहासिक तथा शहरी क्षेत्रको रूपमा रहेको नगरपालिकामा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैली समेत अपनाएका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ। यस नगरपालिकामा आधारभूतदेखि माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरपालिकाको शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिकाबाट आउने गरेका छन्। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैँ, तिहार, तीज, होली, महाशिवरात्री, चैते दशै, रामनवमी, कृष्ण जन्माष्टमी, छठपर्व, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ।

(क) **प्रमुख धार्मिक तिर्थस्थल एवम् धार्मिक मन्दिरहरुः**- कालिका मन्दिर-विजुवार,भिमसेन मन्दिर-विजुवार,शिवालय मन्दिर-विजयनगर,खैराकोट-खैरा,राजुराथान मन्दिर-वडा नं. ४,क्षेत्रपाल मन्दिर-वडा नं ७,शिवगोपाल मन्दिर-वडा नं २,जाल्पास्थान-वडा नं. ४, सिद्धमेहेलथान-वडा नं. ६,भूमिस्थाना मन्दिर-वडा नं १,भूमेथान मन्दिर-वडा नं ९, वृत्तीका थान मन्दिर – वडा नं. ६, भित्रिकोट मन्दिर, गोरखनाथ मन्दिर – वडा नं. १ र २, शिवालय मन्दिर – वडा नं. १, खड्ग मन्दिर –वडा नं.४, ठाकुर बराह मन्दिर –वडा नं. ५, सिद्ध फलारी – वडा नं. २

(ख) **प्राकृतिक दृश्यावलोकनका स्थानहरुः** लिस्ने पहाड-जुम्रीकाँडा, सुंगुरखाल हलहले डाँडा-विजयनगर, साततले डाँडा-मरन्ठाना, झुलेनी लेक-माझकोट, भित्रीकोट- वडा नं.४ , गोरखपुरे भीर-मरन्ठाना, मरन्ठाना कोट, झिमरुक ड्यामसाईट- वडा नं. १, गाँजुरी शहीद पार्क – वडा नं. ७, युद्ध पर्यटकीय स्थल – वडा नं. ३ , सिस्टर पार्क – वडा नं. १, कुटी – वडा नं. ८

(ग) **ऐतिहासिक महत्वका स्थानहरुः** दाखाँकोट दरबार-वडा नं २,रानीचौर- वडा नं. २, राजुराथान दरवार-वडा नं ७, वराहथान-वडा नं ७, भित्रिकोट – वडा नं. ४, खैराकोट – वडा नं. १

## प्युठान नगरपालिकाको आ.व. २०८२/०८३को आय व्यव विवरण तथा शाखागत प्रगति विवरणः

### प्युठान नगरपालिकाको बजेट तथा खर्चको अबस्था

| क्र.सं. | बजेट रकम | सञ्चित कोष | | कैफियत |
|---|---|---|---|---|
| | | खर्च रकम | खर्च प्रतिशत | |
| १ | ५३ करोड ४९ लाख ४८ हजार ८३७ | ४७ करोड ६५ लाख ५८ हजार १०१ | ८९.०८ | चालु खर्च |
| २ | २२ करोड ३१ लाख ७९ हजार ६९६ | १७ करोड २ लाख ३३ हजार ९९ | ७६.२८ | पुजीगत खर्च |
| ३ | कुल बजेट रकमः ७५ करोड ८७ लाख २८ हजार ५३३ | ६४ करोड ७३ लाख ७३ हजार २०० | ८५.३२ | कुल खर्च रकम |

### आर्थिक वर्ष ८२/८३ को क्षेत्रगत बजेट तथा खर्च

| क्र.सं. | विषयगत क्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २करोड६३लाख९८हजार५०० | २करोड२५लाख५२हजार५५८ | ८५.४३ |
| २ | सामाजिक विकास | ४३८२लाख०८हजार००० | ३८करोड३८लाख२४हजार१२४ | ८७.५९ |
| ३ | पुर्वाधार विकास | १६करोड५३लाख४९हजार६९६ | १३करोड५३लाख३२हजार३६८ | ८१.८५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १करोड६९लाख४०हजार८९५ | १करोड१७लाख१०हजार००६ | ६९.१२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११करोड१८लाख३१हजार४४२ | ९करोड३९लाख५४हजार१४३ | ८४.०१ |
| जम्मा | | ७५करोड८७लाख२८हजार५३३ | ६४करोड७३लाख७३हजार१९९ | ८५.३२ |

### प्युठान नगरपालिका राजश्वतर्फको प्रगति (आ.व. २०८२/०८३)

क. आन्तरिक राजश्व खातामा जम्मा भएको रकमः- २,५४,३०,७३९

ख. बिभाज्य कोषमा रहेको रकमः- ७६,८५,९५४.५९

ग. मालपोत रजिष्ट्रेशनबाट प्राप्त रकमः- ९०,५०,०१९४.८

घ. लेखा दायित्व रकमः- १,७१,३७५

**कुल जम्माः- ४,२३,३८,२६३.३९**

**अनुमानित राजश्वः-५,७५,००,०००**

**जम्मा आम्दानी प्रतिशतः- ७३.६३%**

### योजना शाखाः

**क- वडा स्तरीय योजनाः**

| वडा नं. | सम्झौता संख्या | भुक्तानी संख्या | कार्य सम्पन्न नभएको |
|---|---|---|---|
| १ | १९ | १९ | ० |
| २ | १८ | १८ | ० |

| | | | |
|---|---|---|---|
| ३ | १३ | १३ | ० |
| ४ | १२ | १२ | ० |
| ५ | २० | १९ | १ |
| ६ | १३ | १३ | ० |
| ७ | ०९ | ०९ | ० |
| ८ | २० | २० | ० |
| ९ | १७ | १७ | ० |
| १० | १८ | १८ | ० |
| जम्मा | १५९ | १५८ | १ |

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | नगरपालिका स्तरीय योजना/कार्यक्रम | ८४ |
| २ | प्रदेश तथा संघीय शशर्त,समपुरक तथा विशेष योजना | १४ |
| ३ | शिक्षा शाखातर्फको कार्यक्रम | २० |
| ४ | कृषि विकास शाखातर्फको कार्यक्रम | १६ |
| ५ | पशुपन्छी विकास शाखा तर्फको कार्यक्रम | १५ |

**प्राविधिक शाखाः**

**ख-ठूला निर्माण योजनाहरु**

| | विवरण | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | मरन्ठाना चक्रपथ कालोपत्रे योजना | ५२.६ | ५०.५६ | म्याद थप |
| २ | क्वाडी-चितिखोला-जुम्री सडक खण्ड विस्तार आयोजना | ३०.२ | ३०.०२ | म्याद थप |
| ३ | टिकुरी गुरुङ्ग गाउँ लम्छयाङ्ग झुलेनी मो.बा स्तरोन्नति वडा नं ६ | १०० | ९९.९६ | सम्पन्न |
| ४ | चेरनेटा सालघारी धाइरेचौर मो.बा स्तरोन्नति वडा नं १ | १०० | ९९.९ | सम्पन्न |
| ५ | कोचरे खानेपानी आयोजना प्यूठान नगरपालिका वडा नं.६ | १०० | ९३.१० | सम्पन्न |
| ६ | ओखरबोट खानेपानी आयोजना प्यूठान न.पा. वडा नं. ३ (प्रदेश सरकार विशेष अनुदान) | १०० | १०० | सम्पन्न |
| ७ | प्यूठान जिल्ला मैदान भित्रिकोट सडक स्तरोन्नति | १०० | ९१ | सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ८ | प्यूठान जिल्ला प्यूठान नगरपालिका १ खैरा सतमुनी सडक स्तरोन्नति | १०० | ९१ | सम्पन्न |
| ९ | प्यूठान नगरपालिका वडा न ८ झाक्रीढुङगा भोटखोला हुदै बसेल टोला जाने सडक स्तरोन्नति | १०० | ९३ | सम्पन्न |
| १० | प्यूठान जिल्ला प्यूठान नगरपालिका १ क्वाडि लिंक रोड सडक स्तरोन्नति कार्य | १०० | ९९ | सम्पन्न |
| ११ | प्यूठान जिल्ला प्यूठान नगरपालिका वडा न ७ बाँसखोला लिपिकोट डुम्रेपानी धरमपानी सडक निर्माण | ९६ | ९६ | सम्पन्न |
| १२ | प्यूठान जिल्ला प्यूठान नगरपालिका वडा नं. १ श्री वि.पि. स्मृती समाजको भवन निर्माण | ९५ | ९१ | सम्पन्न |
| १३ | प्यूठान जिल्ला प्यूठान नगरपालिका वडा न. ७ गणेशमान स्मृति पार्क थानापती निर्माण कार्य | १०० | ९८ | सम्पन्न |
| १४ | सिखेखोला ५ झोलुङ्गे पुल, डाङग्रे खोला झो पु र कुनापानी ठुलो गाउ झो पु | १०० | १०० | कार्य सम्पन्न भएको सामग्री खरिद भएको |
| १५ | धर्मावती स्वास्थ्य चौकी भवन निर्माण | ९४ | ९० | |
| १६ | जुम्रीकाँडा स्वास्थ्य चौकी निर्माण | १०० | ९८ | |
| १७ | शारदा मा.बि. विद्यालय भवन २ कोठे | १०० | ९८ | |
| १८ | ज्ञान ज्योती आ.वि. पातलकटेरी वडा नं. ५ | १०० | १०० | |
| १९ | बालज्योती मा.बि. गेजबाङ वडा नं. ८ | ९५ | ९० | |
| २० | प्रशासकीय भवनमा गाडी पार्किङको लागि ट्रस निर्माण | १०० | १०० | |
| २१ | गणतान्त्रिक खेलकुद मैदानदेखि प्रशासकीय भवनसम्मको सडकको स्तरोन्नति | १०० | १०० | |

**यस आ.ब २०८२/०८३ को अन्त्यसम्म सम्पन्न गर्ने गरी ठेक्का प्रक्रियामा गएका कार्यहरुको विवरण**

| क्र.स. | विवरण | लम्बाई (मि) | घ.मि | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक ढलान (आर. सि. सि.) | ८७५.५ | | | |
| २ | सडक कालोपत्रे | २३०० | | | |
| ३ | नयाँ ट्र्याक विस्तार | १७५२ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पक्की नाली तथा सिंचाई कुलो | १३२० | | | |
| ५ | सडक स्तरोउन्नती | ५८८०.२ | | | |
| ६ | टेवा पर्खाल (वाल निर्माण) | १८०.०५ | ४२१.९१ | | |
| ७ | ग्याबिन जाली | | ३७० | | |
| ८ | कल्भर्ट | | | १ | |
| ९ | कजबे | | | २ | |
| १० | स्वास्थ्य चौकी भवन | | | २ | जुम्रिकाँडा स्वास्थ्य चौकी वडा नं. ५ र धर्मावती स्वास्थ्य चौकी भवन वडा नं. ८ |
| ११ | वडा कार्यालय | | | ३ | वडा नं. १,८ र १० |
| १२ | विद्यालय भवन (२कोठे/४कोठे) | | | ४ | सारदा मा.बि. सापडाँडा वडा नं. ३<br>मुक्ति मा.बि. रातामाटा वडा नं. ३<br>ज्ञान ज्योती आ.वि. पातलकटेरी वडा नं. ५<br>बालज्योती मा.बि. गेजबाङ वडा नं. ८ |
| १३ | स्टिल ट्रस ब्रिज | | | २ | |
| १४ | एकघर एक धारा | | | २६६ | |
| १५ | पार्क | | | १ | गणेशमान स्मृति पार्क वडा नं. ७ |
| १६ | पदमार्ग | | | ५ | |
| | | | | | |

## कृषि विकास शाखाको आ.व. २०८२/०८३ वार्षिक प्रतिवेदन

जम्मा खेतीयोग्य जमिन (हेक्टर)- ४२,८१४ हेक्टर
खेती गरिएको जमिन (हेक्टर) – ११,१७५ हेक्टर
सिंचित जमिन – ३६३८ हेक्टर
दर्ता भएका कृषि सहकारी/समूह/नीजि उद्यमी कम्पनीको संख्या – १८२
यस आ.व. मा दर्ता भएका नयाँ समूह – ९ वटा
यस आ.ब. मा खारेज भएका समूह संख्या – २ वटा

| क्र.सं. | कार्यक्रमको नाम | कार्य विवरण |
|---|---|---|
| १. | किसान पेन्सन कार्यक्रम | किसान पेन्सनको लागि छनौट भएका ४५ जना कृषकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनको निमित्त प्यूठान नगरापालिका बाट प्रति महिना रु.११४० का दरले ३ महिनाको रकम कोषमा जम्मा गरेको साथै ४५ जना कृषकहरुलाई सामाजिक सुरक्षा परिचय पत्र वितरण गरिएको। |

| | | |
|---|---|---|
| २. | भकारो सुधार ५०% अनुदान | ३३ वटा भकारो छनौट भएकोमा जम्मा २९ वटा भकारो पक्की भुइँ सहित पिसाब संकलन टंकी निर्माण गरी सुधार गरीएको, |
| ३. | बजारीकरणमा आधारित अनुदान | बजारीकरणको लागि नवहातेमालो बहुउद्देश्यीय सहकारी संस्था प्यू न पा ७, तथा नागवेली बहुउद्देश्यीय सहकारी संस्था प्यू न पा ३ संग सम्झौता गरीएको , मिति २०८३/०३/२३ सम्म जम्मा ६ जना कृषकहरुले २९३४ के.जी. तरकारी संकलन गरी प्रति के.जी.रु.५ का दरले भुक्तानी दिइएको, |
| ४. | माटो प्रयोगशाला सञ्चालन व्यवस्थापन | प्रत्येक वडाका कृषि प्राविधिकहरुलाई ३ दिने प्रयोगशाला सञ्चालन सम्वन्धी तालिम सञ्चालन र १० वटा वडाका ५ स्थानमा ३४५ वटा माटोको नमुना जाँच गरी माटो स्वस्थता प्रमाणपत्र तथा कृषि चुन पूर्ण अनुदानमा वितरण गरिएको, |
| ५. | TPS, PBS आलु बिउ पूर्ण अनुदानमा वितरण | प्यूठान नगरपालिका क्षेत्र भित्रका कृषकहरुलाई TPS- १००० ग्राम , र PBS- ८३० दाना आलुको बीउ वितरण गरीएको। |
| ६. | किवी खेती विस्तार प्यू.न.पा. ९ र १० | श्री अनिल सिंह विष्ट (९८४४९०९२९२), प्यू न पा १० गैरी गैरा मौरीपालन तथा पशुपन्छी फर्मसंग २ रोपनी क्षेत्रफलमा किवि खेती को लागि थाक्रा ब्यबस्थापनको लागि सम्झौता भई कार्य सम्पन्न गरीएको |
| ७. | वर्षे फलफूल बिरुवा वितरण ५०% अनुदान | १० वटै वडाबाट माग संकलन गरी ४२८० वटा बर्षे फलफूलको विरुवा वितरण गरीएको, |
| ८. | जैविक विषादीको महत्व सम्बन्धि स्थलगत तालिम | प्यूठान नगरपालिका क्षेत्रभित्रका ८ वटा वडाका १८४ जना कृषकहरुलाई जैविक विषादीको महत्व ,उपयोग तथा बनाउने तरिका सम्बन्धी स्थलगत तालिम दिइएको |
| ९. | आकस्मिक बाली संरक्षण (विषादी तथा बाली संरक्षण उपकरण वितरण) पूर्ण अनुदानमा विषादी वितरण | प्यूठान नगरपालिका क्षेत्र भित्र बिभिन्न बालीहरु रोग तथा किराहरु ( गहुँको सिन्दुरे, मकैको फौजी किरा, धानको रोग किराको लगाएत अन्य बालीको रोगकिरा) नियन्त्रण गर्न बिभिन्न विषादीहरु खरिद गरी वितरण गरीएको , |
| १०. | व्यवसायिक तरकारी, फलफुल उत्पादक कृषकहरुको लागि जैविक विषादी , ल्युर तथा ट्रयाप वितरण | बिभिन्न जैविक बिषादी ,ल्युर , ट्रयाप , प्रोटिन बेट तथा बोर्डो पेष्ट खरिद विभिन्न स्थानहरुमा सुन्तालाजात फलफूल र लहरे तरकारी बालीमा रोगकिरा नियन्त्रण गर्न वितरण गरीएको, |
| ११. | स्थानीय मेलाको लागि फलफुल ढुवानी | प्यूठान नगरपालिकामा सञ्चालन हुने बिभिन्न मेलामा (सिवालय ,डल्ले,खैरा ,चितिखोला मेला )मा फलफूल ढुवानी गरीयो, |
| १२. | मौसमी तथा बेमौसमी तरकारी उत्पादन सम्वन्धी तालिम | प्यू न पा १ देखि १० सम्मका २० जना कृषकलाई तालिम सञ्चालन गरीएको |
| १३. | कृषि संग सम्बन्धित सूचनाहरुको प्रचार प्रशार | भिडियो डकुमेन्ट्री तयार गरीएको |

| | | |
|---|---|---|
| १४. | मकैको उन्नत बिउ खरिद तथा वितरण ५०% अनुदान (ढुवानीमा पूर्ण अनुदान ) | प्यूठान नगरपालिकाका सम्पूर्ण वडाहरुमा माग संकलन गरी माग बमोजिम ५० % अनुदानमा ४००० के.जी. मनकामना -३ र १००० के.जी. रामपुर कम्पोजीट मकैको बीउ वितरण गरीएको । |
| १५. | कमला सुन्तला खेती कार्यक्रम | प्यू.न.पा.९ र १० का ६४ जना कृषकहरुलाई सुन्तला खेती सम्वन्धी अन्तरक्रिया तथा २६० के.जी. बोर्डो पेष्ट , सिकेचर , प्रुनिंग स(Pruning Saw) वितरण गरीएको |
| १६. | बिपन्न कृषकहरुलाई करेसाबारी स्थापनाको लागि तरकारीको बिउ मिनिकिट खरीद तथा वितरण पूर्ण अनुदान | प्यूठान नगरपालिकाका सम्पूर्ण वडाहरुमा बिपन्न कृषकहरुलाई ५५६ तरकारी मिनिकिट वितरण गरीएको |
| १७. | डिजिटल तराजु खरिद | प्यूठान नगरपालिकाका १० वटै वडामा कृषि उपज नापतौल प्रयोजनको लागि डिजिटल तराजु खरिद गरी वितरण गरीएको |

**संघीय शसर्त कार्यक्रम**

| क्र.स. | कार्यक्रमको नाम | कार्य विवरण |
|---|---|---|
| १. | आ.व. २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रम निरन्तरता | प्यू.न.पा -८ को धर्मावती महिला बचत तथा ऋण सहकारी संस्था मार्फत थप ३५ रोपनीमा बेसार पकेट विस्तार कार्यक्रम सम्पन्न गरीएको, |
| २. | कृषि पशुपान्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | प्यूठान नगरपालिकाका विभिन्न ६ वटा वडाका ११७७ घरधुरीको तथ्यांक प्रविष्ट गरीएको, |
| ३. | मकै बीउ उत्पादन कार्यक्रम | विजयनगर महिला साना किसान सहकारी मार्फत ४०० रो क्षेत्रफलमा मकैको बीउ उत्पादन कार्य सम्पन्न गरीएको, |
| ४. | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान गहुँ) | कृषकहरुको माग बमोजिम ९५०० के.जी. गहुँको बीउ(स्वर्गद्वारी-८८५०,WK-१२०४-१५० र जिंक गंहु-५००के.जी.) र १३८०५ के.जी धानको( रामधन -२६५०के.जी.,सावित्री -८६९० के.जी.,हर्दिनाथ ६ -२३८५के.जी.र सुख्खा धान -८० के.जी.) वितरण गरीएको, |
| ५. | रैथाने बालि प्रवर्धन कार्यक्रम | प्यूठान नगरपालिका क्षेत्र भित्रका कृषकहरुलाई बिभिन्न रैथाने बालीको बीउ( कोदोको बिउ -४५१ के.जी.,फापरको बिउ -४५० के.जी., सिमिको बिउ -६०के.जी. र बोडीको बीउ ५५ के.जी.)वितरण गरीएको, |
| ६. | साना सिंचाई प्रवर्धन कार्यक्रम | १० वटा सिंचाई कुलो र ६ वटा प्लाष्टिक पोखरी निर्माण गरीएको |

## रासायनिक मल विवरण

| क्रसं. | संस्थाको नाम | कार्य क्षेत्र | वितरित मल | | | इजाजत प्राप्त संस्था |
|---|---|---|---|---|---|---|
| १. | मौसम महिला कृषि सहकारी संस्था लि. | वडा नं.१ र २ | **युरिया- ५९१.७२** मे.टन, | कृ.सा.क.लि.- ४८८ मे.ट. | सा.ट्रे.क.लि.- १०३.७२ मे.ट. | कृषि सामग्री कम्पनी लि.र साल्ट ट्रेडिङ कर्पोरेसन |
| २. | नागबेली बहु. सहकारी संस्था लि. | वडा नं . ३ | | | | कृषि सामग्री कम्पनी लि |
| ३. | जनता सहकारी संस्था लि. | वडा नं . ४ र ५ | | | | कृषि सामग्री कम्पनी लि.र साल्ट ट्रेडिङ कर्पोरेसन |
| ४. | नव हातेमालो बहु.सहकारी संस्था लि. | वडा न.७ | **डी.ए.पी १८३.०७ मे.ट.** | कृ.सा.क.लि.- ८३.९५ मे.ट. | सा.ट्रे.क.लि.- ९९.१२ मे.ट. | कृषि सामग्री कम्पनी लि |
| ५. | गौमुखी मूल कृषि सहकारी लि. | वडा न.६ र ८ | | | | कृषि सामग्री कम्पनी लि.र साल्ट ट्रेडिङ कर्पोरेसन |
| ६. | श्रमिक कृषि सहकारी संस्था लि. | वडा न.६ र ८ | | | | कृषि सामग्री कम्पनी लि |
| ७. | दीर्घायु कृषि सहकारी संस्था लि. | वडा न.९ र १० | | | | कृषि सामग्री कम्पनी लि.र साल्ट ट्रेडिङ कर्पोरेसन |

## खाद्यान्न बालीको विउ

| बालीको नाम | परिमाण (के.जी) | जातको नाम |
|---|---|---|
| गहुँ | ९५०० | स्वर्द्वारी-८८५०के.जी.,<br>wk १२०४-१५०के.जी.<br>जिंक गहुँ-५०० के.जी. |
| मकै | ५००० | मनकामना-३-४००० के.जी.<br>रामपुर कम्पोजिट -१००० के.जी. |
| वर्षे धान | १३८५० | सावित्री -८६९०के.जी.,<br>रामधन -२६५०के.जी.<br>हर्दिनाथ६-२३८५ के.जी.,<br>सुख्खा धान -८० के.जी. |

**कृषि विकास शाखा वित्तीय खर्च विवरण**

| क्र.सं. | कार्यक्रम | बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|
| १. | नगरपालिका | ७० लाख | ५३ लाख ७७ हजार | ७६.८२ |
| २. | संघीय ससर्त | ५३ लाख ५०हजार | ४७ लाख ८८ हजार | ८९.५ |
| ३. | | | | |

**कृषि विकास शाखाको उपलब्धि**

- ४५ जना व्यावसायिक कृषकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्द गराई किसान पेन्सन कार्यक्रम लागु गरीएको
- सम्पूर्ण कार्यक्रममा कृषकको उत्साहजनक सहभागिता रहेको,
- खाद्यान्न बालीको बीउ उत्पादन अन्तर्गत धान र मकैको बीउ उत्पादन तथा बजारीकरणमा सहयोग गरीदै आएको,
- माटो प्रयोगशालालाई व्यवस्थित बनाइएको ,
- कृषक समूह तथा सहकारीको सक्रियता बढ्दै गएको,
- सहकारी मार्फत रासायनिक मलको वितरणमा सहजता भएको,
- हलेदो /बेसारको पकेट क्षेत्र विस्तार भएको,
- सुन्तला कमला बगैचा क्रमिक रुपमा व्यवस्थित तथा सुदृढ हुदै गएको,
- कृषिजन्य वस्तुको प्रशोधन सामग्री उत्पादन भएको,

**पशुपन्छी विकास शाखा**

विनियोजित बजेटः- ४० लाख

खर्च रकमः- ३८ लाख ८६ हजार ९३८

वित्तीय प्रगति ९६.७३ %

भौतिक प्रगति १०० %

| क्र,स | कार्यक्रम | कार्य विवरण |
|---|---|---|
| १ | वाख्रा श्रोत केन्द्र स्थापनाको लागि फ्लोअप कार्यक्रम तथ्याङक लिने र उपचार तथा परजिवी नियन्त्रण | गत आ व २०८१।०८२ मा संघीय सशर्त अनुदानतर्फ वाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गरीएको जसमा दाखाकोट वाख्रा पालन उपभोक्ता समिति प्यूठान न प २ मार्फत कार्यक्रम सञ्चालन भएकोमा जस अन्तरगत वाख्रा गोठ निर्माण सुधार ८ र वोका खरिद वितरण ९ गोटा भएकोमा आ व २०८२।०८३ मा उक्त समूहमा परजिवि नियन्त्रण कार्यक्रममा ३६ जना कृषकका ९२६ गोटा वाख्राहरुमा आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण कार्यक्रम सञ्चालन गरीएको |
| २ | उत्पादनमा आधारित अनुदान कार्यक्रम | दुध उत्पादन र वजारीकरण अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९ वमोजिम श्री शिवालय दुग्ध सहकारी संस्था प्यू न पा ०१ र श्री नागवेली वहुउद्देश्यीय कृषि सहकारी मार्फत दुधको कारोवार भएको जम्मा ९२ जना कृषकलाई कुल विनियोजत रकम रु १४,००,००० मा प्रति लि १० का दरले १३६८२५ लिटर दुधको १३६८२५८ रकम भुक्तानी भएकोले, कृषक |

| | | |
|---|---|---|
| | | पशुपालन पेशामा आकर्षित भै थप १५ भैंसी खरिद गरिएको छ। दुध उत्पादन वृद्धि भै स्वरोजगार सृजना भएको। |
| ३ | पि पि आर खोप लगायत अन्य खोप सेवा कार्यक्रम | प्यूठान नगरपालिका अन्तरगत २४८३२ वाख्राहरुमा माहामारी रुपमा फैलिने पि पि आर रोग विरुद्द खोप सेवा सञ्चालन गरी वाख्राहरुमा पि पि आर रोगवाट मुक्त गरीएको। सामुदायिक तथा तथा घरपालुवा २६४ कुकुरहरुमा रेविज रोग विरुद्द खोप दिइएको छ। |
| ४ | हिउदे घाँसको विउ वितरण | पशु आहारा आपूर्तिका साथै उत्पादन र उत्पादकत्व वृद्धि गर्न ८० प्रतिशत अनुदानमा हिउदे घाँसको विउ वरसिम १००० के जी २१५ जना पशुपालक किसानहरुमा वितरण गरेको जसवाट दुध उत्पादन १५ प्रतिशत ले वृद्धि भएको, |
| ६ | पोषण सुधारकालागी सुनौला हजार दिनका महिलाहरुमा ड्युल प्रपोज ६ हप्ते चल्ला वितरण | प्यूठान नगरपालिका आर्थिक विकास समितिको निर्णय अनुसार प्यूठान नगरपालिकाको ७ र ८ नं वडाका ५० जना सुनौला हजार दिनका महिलामा प्रति व्यक्ति २० चल्ला दाना र १।१ गोटा डिङकर र फिडर वितरण भै सुनौला हजार दिनका महिलाहरुमा अण्डा र मासु सेवनवाट पोषणमा सुधार। |
| ७ | लागत साझेदारीमा उन्नत रागो वितरण | ५० हजारका दरले ३ गोटा उन्नत रागो प्यूठान न.पा. २ क्वाडीमा १ वटा(गोविन्द बहादुर रावत) , ९ मरन्ठाना मा १ वटा(जित बहादुर के.सी.) र ४ को खडकडेरा बहुउद्देश्यीय पशुपालन समूह मा १ वटा वितरण गरीएको। |
| ८ | व्यवसायिक वंगुर पालन कार्यक्रम मागमा आधारित | सेवा निवृत्त कर्मचारीद्वारा व्यवसायिक वंगुर पालन गरी रोजगारी सिर्जना भएको (मार्सल बंगुर फर्म, प्यूठान न पा १०) लाई ४० हजार<br>प्यूठान न पा – ६ कि छमा पुन मगर (बैदेशिक रोजगारीबाट प्रभावित) लाई २६ हजार |
| ९ | दुध संकलन केन्द्र स्थापना (रु. ५०हजार) | प्यू न पा ०४ टारीमा ॐ स्विट एण्ड डेरी उद्योग ५० प्रतिशत लागत साझेदारीमा दुध संकलन केन्द्र स्थापना भइ किसानको दुध संकलन भएको छ। |
| १० | आकस्मिक महामारी रोग नियन्त्रण तथा उपचार सेवा कार्यक्रम (रकम रु. १लाख) | वडाको जानकारी अनुसार ०२ र ०५ नं वडामा वाख्रामा विविध रोग देखा परेकोले औषधि उपचारको व्यवस्था गरीएको। |
| ११ | उपचार सेवाका लागी पशुपन्छीको औषधि खरिद कार्यक्रम (रकम रु. ८ लाख ८० हजार) | आ व २०८२।०८३ मा<br>मेडीकल उपचार सेवा ३६२१३<br>माइनर सर्जिकल उपचार सेवा २७४८<br>गाईनाकोलोजिकल उपचार सेवा ५३६<br>रेविज खोप सेवा २३५<br>प्रयोगशालना सेवा ७७७<br>एफ एम डी खोप सेवा ४००० पशुहरुमा खोरेत रोग विरुद्द खोप सेवा |
| १२ | ७५ प्रतिशत लागत साझेदारीमा माछा पोखरी निर्माण मर्मत सुधार (बजेट रु. १ लाख) | २ गोटा माछा पालन व्यवसायीको सहकार्यमा माछा पोखरी मर्मत सुधार गरी माछाका भुरा राख्ने कार्य सम्पन्न भएको।<br>विजयनगर ३ – सुनिता नेपाली<br>मरन्ठाना – जित बहादुर के.सी. |
| १३ | सहकार्यमा गाई भैंसी गोठ निर्माण सुधार (बजेट रु. २ लाख) | ४ वटा व्यवसायिक गाई भैंसी फर्म संचालकहरुलाई (५० हजारका दरले) गाई भैंसी गोठ निर्माण सुधार भै दैनिक दुध उत्पादन वृद्दि भएको छ जसवाट दुधमा आत्मनिर्भर हुने |

| | | |
|---|---|---|
| | | क. भुसाल कृषि तथा पशुपालन फर्म – प्यूठान न पा ५<br>ख. कामधेनु गाँईभैसी पालन फर्म – प्यूठान न पा ८<br>ग. खड्का कृषि पशु तथा तरकारी फर्म – प्यूठान न पा ३<br>घ. ईच्छा कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा ४ |
| १४ | बाख्रा श्रोत केन्द्र स्थापना (संघीय शशर्त) बजेट रु. ४ लाख ५० हजार | श्रोत केन्द्र स्थापनाको लागि तपसिल अनुसारका फर्म तथा सहकारी संस्थालाई ५० % लागत साझेदारीमा कार्यक्रम सञ्चालन<br>क. हरियाली कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा ६ – ५० हजार (बोका खरिद र दाना पिस्ने मिल)<br>ख. के.सी. कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा ६ – ५० हजार(५ वटा बोयर पाठी खरिद)<br>ग. सिर्जनशिल बाख्रा फर्म – प्यूठान न पा २ – ५० हजार (बोका र बाख्रा खरिद)<br>घ. रेखा कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा २ – खोर निर्माण सुधार सहयोग (रु. ५० हजार)<br>ङ. नवज्योती कृषि सहकारी संस्था – प्यूठान न पा २ – बाख्रा श्रोत केन्द्र स्थापनाको लागि बोयर क्रस बाख्रा, बोका र खोर निर्माण सुधार सहयोग (रु. २ लाख) |
| १५ | गाई भैसी प्रवर्द्धन कार्यक्रम (संघीय शशर्त) बजेट रु. ४ लाख ५० हजार | क. प्रगति कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा ७ – ८० हजार<br>ख. पौरखि कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा ७ – ५० हजार<br>ग. तारा कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा २ – ५० हजार<br>घ. राना कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा ४ – ५० हजार<br>ङ. स्वर्गद्वारी उन्नत पशुपालन फर्म – प्यूठान न पा १ – ५० हजार<br>च. लाहुरे कृषि तथा पशुपन्छी फर्म – प्यूठान न पा १० – ६० हजार<br>छ. झिमरुक मत्स्य तथा एकिकृत कृषि फर्म – प्यूठान न पा १ – ५० हजार<br>ज. मिलनसार कृषि तथा पशुपालन फर्म – प्यूठान न पा १ – ५० हजार |
| १६ | कृतिम गर्भाधान सेवा | प्यूठान नगरपालिका अन्तर्गतका २६७ गाई भैसीमा कृतिम गर्भाधान सेवा पुऱ्याएको । रकम रु. ५० हजार |

**प्यूठान नगरपालिका आर्थिक विकास शाखा तर्फ आ.व ०८२/८३ को कार्यक्रमको प्रगति**

| क्र.स. | संशोधित कार्यक्रम/ आयोजना क्रियाकलापको नाम | स्वीकृत वजेट रु | खर्च रु | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | दलित जनजाति एवं विपन्न जेहन्दार विद्यार्थीहरुको अध्ययनमा सहयोग लागि छात्रबृद्धि कार्यक्रम | ५००००० | ४९४६५३ | ९८.९३ | ९० जना विद्यार्थीलाई रु ५०००/- का दरले आर्थिक सहयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | दलित जनजाति तथा विपन्न वर्गहरुका लागि प्रविधि हस्तान्तरण र सहयोग कार्यक्रम | ५५०००० | ५५०००० | १०० | २० जना व्यवसायी विभिन्न प्रविधि हस्तान्तरण |
| ३ | दलित जनजातिहरुका लागि सिलाई कटाइ मेशिन हस्तान्तरण | ४००००० | ४००००० | १०० | १४ जना व्यवसायी लाई जुकी र अम्प्रेला सिलाई मेशिन वितरण गरिएको |
| ४ | दलित जनजाति तथा विपन्न वर्गहरुका लागि ड्राभिङ तालिम | २५०००० | २४९९५० | ९९.९८ | २० जनालाई ड्राईभिङ सम्बन्धी तालिम दिईएको |
| ५ | उद्यमी व्यवसायीहरु र प्यूठान नगरपालिकाको विच वृहत अन्तरक्रिया कार्यक्रम | १००००० | ४९८७५ | ४९.८८ | ११० जना उद्यमी व्यवसायी विच अन्तरकृया गरिएको |
| ६ | मेड्पा तर्फ लघु ऋण र बजारीकरण सम्वन्धी कार्यक्रम | १२३२८० | १२३२८० | १०० | |
| ७ | सहकारी संस्थाहरुको क्षमताअभिवृद्धि कार्यक्रम | १००००० | १००००० | १०० | जिल्ला सहकारी संघ मार्फत सञ्चालन भएको |
| ८ | सहकारीहरुको समस्याको अनुगमन, व्यवस्थापन एवं सहजीकरण | १५०००० | १३१००० | ८७.३३ | अनुगमन गरी समस्या पहिचान गरी सुझाव उपलब्ध गराईएको |
| | जम्मा | २१७३२८० | २०९८७५८ | ९६.५७ | |

## प्यूठान नगरपालिका गरीबी निवारणका लागि उद्यम विकास कार्यक्रम तर्फको प्रगति

आ.व ०८३/८४ को

| क्र.स | कार्यक्रम/ आयोजना विवरण | प्रस्तावित बजेट रु | | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | मेड्पा | नगरपालिका | जम्मा रु | | |
| १ | संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा र प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण (वडा नं. ६ मा मौरीघर ३ र सिलाई मेसिन ३ वितरण) | ७०००० | ७०००० | १४०००० | १३४७५० | ९६.२५ |
| २ | गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८२ वमोजिम उद्यमीको स्तरोन्नति (वडा नं. ६ बुटिक तालिम) | ४०००० | १९०००० | २३०००० | २३०००० | १००.०० |
| ३ | गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८२ वमोजिम लघु उद्यम विकास मोडेलमा नया लघु उद्यमी सृजना (दुनाटपरी तालिम, उद्यमशिलता तालिम वडा नं. ७ मा सञ्चालन गरिएको) | १९२००० | २५०००० | ४४२००० | ४३५००० | ९८.४२ |
| | जम्मा | १२००००० | ६००००० | १८००००० | १६७५२०२ | ९३.०७ |

## प्यूठान नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा दर्ता नविकरण भएका फर्महरुको संख्या

| सि.नं. | शिर्षक/ विवरण | कार्यक्रमको विवरण | परिमाण | दोश्रो चौमासिक सम्म | तेश्रो चौमासिक | २०८२ चैत्र सम्म | २०८३ असार सम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | उद्योग तर्फ | नयाँ दर्ता | वटा | २२ | ७ | ६ | ५ | ४० |
| | | अध्यावधिक | वटा | २० | १५ | ० | | ३५ |
| | | नविकरण | वटा | २२ | २० | ६ | ७ | ५५ |
| | | खारेज | वटा | ८ | ६ | २९ | ४ | ४७ |
| | | फाइल फिर्ता | वटा | १ | ० | ० | | १ |
| | | पुँजी वृद्धि | वटा | ० | ० | ० | | ० |
| | | नामसारी | वटा | ० | ० | ० | | ० |
| २ | बाणिज्य तर्फ | नयाँ दर्ता | वटा | १८ | ११ | १ | ४ | ३४ |
| | | अध्यावधिक | वटा | ११ | ६ | २३ | १ | ४१ |
| | | नविकरण | | १२ | ८ | १ | १५ | ३६ |
| | | खारेज | वटा | ३ | २ | ३७ | १६ | ५८ |
| | | फाइल फिर्ता | वटा | ० | ० | ० | ३ | ३ |
| | | पुँजी वृद्धि | वटा | ० | १ | ० | | १ |
| | | नामसारी | वटा | ० | ० | ० | | ० |
| ३ | निर्माण ईजाजत तर्फ | नयाँ दर्ता | वटा | ० | १ | ४ | | ५ |
| | | नविकरण | वटा | ० | १ | ८८ | | ८९ |
| | | नामसारी | वटा | ० | २ | ० | | २ |
| | | फाइल फिर्ता | वटा | ० | ० | ० | | ० |
| ४ | सहकारी संस्था तर्फ | नयाँ दर्ता | वटा | ० | ० | ० | | ० |
| | | नविकरण | वटा | ० | ० | १७ | | १७ |
| ५ | | विनियम संशोधन/ पुनर्लेखन | वटा | | ३ | ३ | | ६ |
| ६ | गरीव निवारण कोष सामुदायीक संस्था | नयाँ दर्ता | वटा | ० | ० | ० | | ० |
| | | नविकरण | वटा | ० | ० | ० | | ० |
| ७ | टोल विकास संस्था | नयाँ दर्ता | वटा | १ | १ | ० | | २ |
| | | नविकरण | वटा | ० | ० | ० | | ० |
| | | जम्मा | वटा | ११८ | ८४ | २१५ | | ४१७ |

| | | | |
|---|---|---|---|
| आ.व. ०८२/८३ मा प्राइभेट फर्म दर्ता नविकरणको विवरण | नया दर्ता र अद्यावधिक भएका प्राइभेट फर्म | | ७६ |
| | नविकरण भएको फर्म संख्या | | ९१ |

## रोजगार सेवा केन्द्रतर्फको प्रगति

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ का लागि फाराम भरी सूचीकृत भएका व्यक्तिहरुको तथ्याङ्कः

| वडा नम्बर | सूचीकृत बेरोजगार व्यक्तिहरुको संख्या | प्रतिशत % |
|---|---|---|
| १ | ७२ | ६.६९ |
| २ | १०० | ९.२९ |
| ३ | ५४ | ५.०१ |
| ४ | ३० | २.७९ |
| ५ | २२७ | २१.०८ |
| ६ | २०५ | १९.०३ |
| ७ | १३३ | १२.३५ |
| ८ | ४१ | ३.८१ |
| ९ | १४३ | १३.२८ |

१. वैदेशिक रोजगारको लागि श्रम स्वीकृति लिएको संख्याः ७४ जना

- मलेशिया - २३ जना
- अल्वानिया - १५ जना
- बहराइन - १ जना
- इजरायल - १ जना
- कुवेत - १ जना
- मौरिसस - ३ जना
- पोल्याण्ड - १० जना
- कतार - ९ जना
- रोमानिया - १० जना
- साउदी अरेबिया - १७ जना
- यु.ए.ई. - १६ जना

२. वैदेशिक रोजगारीमा मृत्यु भएको व्यक्तिहरुको लास नेपालमा लिएको संख्या: ५ जना

३. वैदेशिक रोजगारीमा मृत्यु भएको व्यक्तिहरुको परिवारले वैदेशिक रोजगार बोर्डबाट प्राप्त गरेको आर्थिक सहायताको संख्या: १ जना

४. वैदेशिक रोजगारीमा मृत्यु भएको व्यक्तिहरुको परिवारले वैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने आर्थिक सहायता प्रक्रियामा रहेको संख्या: ४ जना

५. वैदेशिक रोजगारमा मृत्यु भएको व्यक्तिहरुको छोरा छोरीले प्राप्त गर्ने छात्रवृत्तिको संख्या - ०

६. वैदेशिक रोजगारमा मृत्यु भएको व्यक्तिहरुको छोरा छोरीले प्राप्त गर्ने छात्रवृत्तिको प्रक्रियामा रहेको संख्या: ३ जना

७. सूचीकृत बेरोजगार संख्या: पुरुष - १८१ जना र महिला - ८९६ जना गरी जम्मा १०७७ जना

८. आन्तरिक रोजगारी श्रृजनाको लागि संघीय अनुदान रु. ५३०००००।- + नगरपालिका रु. ५३०००००।- गरी जम्मा रु. १०६०००००।- विनियोजन भएको जसमा खर्च- रु.१०५५६००।-

१०.आन्तरिक रोजगारी श्रृजना अन्तरगत रोजगारी प्राप्त गर्ने कामदारको संख्या: १४ जना

११. आन्तरिक रोजगारी श्रृजनाको कार्य सम्पन्न आयोजनाहरुको संख्या: २ जना

१२. रोजगार प्राप्त व्यक्तिहरुको प्रत्येकको खातामा पैसा राखिदिएको रु.७४५००।- को दरले

१३. आ.व. २०८३/०८४ मा बेरोजगारको सूचीमा दरखास्त दिएका ५४९ जना बेरोजगारहरुको अनलाईन इन्ट्री गरेको।

## स्वास्थ्य शाखातर्फको प्रगति

शसर्त विनियोजित बजेट रकम रु. ४ करोड ०९ लाख २० हजार

आन्तरिक बजेट रकम रु.७१ लाख ५० हजार

| सि.न. | कार्यक्रमको नाम | प्रगति | कै |
|---|---|---|---|
| १ | पालिकाको वार्षिक समीक्षा २०८२/५/१९र २० मा सम्पन्न | १०० | |
| २ | विश्व स्तनपान सप्ताह अगस्त १ देखि ७ तारिखसम्म सबै संस्थामा सम्पन्न | १०० | |
| ३ | कार्तिक र बैशाख महिनामा प्यूठान नगरपालिका सबै ६ महिलादेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई भिटामिन ए तथा जुकाको औषधी खुवाइएको संख्या साथै ६९ जना महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई रु १६०० का दरले यातायात खर्च रकम रु ११०४००/- भुक्तानी दिइएको | १०० | |
| ४ | विद्यालयमा जुकाको औषधी खुवाइएको विद्यार्थी संख्या मंसिर र जेष्ठ महिनामा खुवाइएको | १९९९४ | २ पटक गरी |
| ५ | प्यूठान नगरपालिकामा स्थायी ठेगाना भएका १९ जना एच आइ भि संक्रमितलाई यातायात खर्च र पोषण प्रोत्साहन रकम २४०००० उपलब्ध गराइएको, | १९ जना | |
| ६ | मंसिर १९ गते महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका दिवस सम्पन्न १० जना पुरस्कृत | १००% | |
| ७ | ७० वर्ष माथिका ज्येष्ठ नागरीकहरुलाई घरमै गई औषधी उपचार तथा परामर्श सेवा | ४७२६ जना | |
| ८ | ५ वर्ष मुनिका बालबालिकाहरुलाई पूर्ण खोप दिइएको संख्या | १००% | |
| ९ | रु २ लाखको लागि प्रदेश विपन्न नागरीक औषधी उपचार सिफारिस गरीएको संख्या | ११ जना | |
| १० | रु १ लाखको लागि संघमा विपन्न नागरीक औषधि उपचार सिफारिस गरीएको संख्या | ४८ जना | |
| ११ | श्रावण देखि असार १५ गते सम्म सुत्केरी भएको जम्मा आमाहरुलाई यातायात तथा प्रोत्साहन रकम पाएका आमाहरुको संख्या ८६ | १००% | |
| १२ | १० देखि १९ वर्षसम्मका किशोरीहरुलाई रक्तअल्पता हुन नदिन विद्यालयमा आइरन चक्की वितरण गरीएको | ३६५७ जना | |
| १३ | परिवार नियोजन क्याम्पबाट स्थायी बन्ध्याकरण गरेको संख्या | ९ जना | |
| १४ | सबै वडाहरुमा ५ वर्ष मूनिका बच्चाहरुमा पोषण स्थितिको लेखाजोखा गरीएको संख्या | २०९९ | |
| १५ | प्यूठान नगरपालिकामा नयाँ क्षयरोगका विरामी पत्ता लागेको संख्या | ४८ जना | |
| १६ | बिरामी जाँच नयाँ (आ.व. २०८२/०८३) जेष्ठ मसान्त | ३८००६ जना | |
| १७ | बिमारी जाँच नयाँ र पुरानो- (आ.व. २०८२/०८३) जेष्ठ मसान्त | ५५९२० जना | |
| १८ | क्षयरोगको अर्धवाषिक समीक्षा गरीएको | १००% | |

| | | | |
|---|---|---|---|
| १९ | स्वास्थ्य चौकीलाई इ एच एम आइ एस प्रविधिबाट सेवा बिस्तार गरीएको संख्या | ३ | |
| २० | बिद्यालय उमेर  समूहका ५११ जना किशोरीलाई पाठेघरको क्यान्सर बिरुद्ध खोप दिइएको | १००% | |
| २१ | आखा अस्पताल मार्फत २१६० जनाको आँखा जाँच ७१ जना व्यक्तिको मोतिया बिन्दुको निशुल्क अप्रेशन गरी नगरपालिकाबाट रकम भुक्तानी गरीएको | १००% | |
| २२ | पूर्ण खोप दिगोपना साथै निरन्तरताको लागि सवै वडा तथा नगरपालिका घोषणा गरीएको | १००% | |
| २३ | पूर्ण संस्थागत प्रसुतियुक्त वडा दीगोपना घोषणा गरीएको संस्था संख्या | ४ | |
| २४ | बिद्यालय पोषण तथा स्वास्थ्य शिक्षा कार्यक्रम मार्फत लाभान्बित विद्यार्थी संख्या | ५५०० जना | |
| २५ | गर्मीयाम सगै बढ्न सक्ने डेङ्गगी रोगको सक्रमण रोक्न सरोकारबालाहरुको अभिमुखीकरण तथा लार्भा नस्ट कार्य गरीएको | १००% | |
| २६ | नसर्ने रोगको सबै वडाहरुमा स्क्रिनिङ कार्यक्रमबाट लाभान्वित संख्या | ४००० जना | |
| २७ | महिलाहरुमा पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ कार्यक्रमबाट लाभान्वित संख्या | ५७९ जना | |
| २८ | संकास्पद क्षयरोगीको सक्रिय खोजपडताल तथा स्क्रिनिङ गरीएको वडा संख्या | ३ | |
| २९ | किशोर किशोरीमैत्री सेवा अभिमुखीकरण कार्यक्रम संख्या | १ | |
| ३० | स्वास्थ्य सस्थाको न्युनतम सेवा मापदण्ड ६ वटा स्वास्थ्य सस्थामा २ पटक सम्पन्न भएको | १००% | |
| ३१ | स्वास्थ्य चौकी भवन निर्माण | २ | |
| ३२ | स्वास्थ्य शसर्त कार्यक्रम विवरण | ९५.६२% | |
| ३३ | स्वास्थ्य निसर्त कार्यक्रम विवरण | ४७.४४% | |
| ३४ | पालिका भित्र सुत्केरीहरुलाई वर्थिङ सेन्टर र प्यूठान अस्पतालसम्म आतेजाते निशुल्क यातायात सेवा | १३८ जना | |
| ३५ | सबै वडाहरुमा स्वास्थ्य सचेतना कार्यक्रमबाट लाभान्वित संख्या | ३५० जना | |
| ३६ | घरमै गइ सुत्केरी भेटघाट तथा जाँच | ३५७ जना | |
| ३७ | ग्रामीण अल्ट्रासाउण्डबाट लाभान्वित गर्भवती संख्या | ३५९ जना | |
| ३८ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक प्रोत्साहन तथा मोवाइल रिचार्ज ६९ जना | १००% | |

## शिक्षा, युवा तथा खेलकुद शाखाः

- विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई नियमित गरीएको,
- विद्यालयका प्रधानाध्यपकहरुको बैठक नियमितरुपमा सञ्चालन गरी शैक्षिक गुणस्तर लगायतको विषयमा छलफल गर्ने गरीएको,
- शैक्षिक सत्र २०८२ का लागि  नगरपालिका र विद्यालयका प्रधानाध्यापक बिच कार्यसम्पादन करार सम्झौता गरीएको,
- नगरपालिकाभित्र रहेका ७५ वटा बालविकास केन्द्र तथा ४९ वटा सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन गरी वास्तविक उपस्थित विद्यार्थी हेड काउण्ट गर्ने कार्य सम्पन्न गरीएको,
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा कक्षागत विद्यार्थी संख्या र शिक्षक तथा कर्मचारीको विवरण अद्यावधिक गरीएको,
- प्यूठान नगरपालिका स्तरीय छठौं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०८२ सम्पन्न गरी जिल्लास्तरीयमा छनोट भएका खेलाडीहरुले जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा १९ वटा स्वर्ण, २० वटा रजत र २ वटा कास्य पदक सहित कुल ४१ पदक सहित प्रथम स्थान हासिल गर्न सफल भएको र क्रमश प्रदेशस्तरीय रनिङ शिल्ड प्रतियोगितामा प्यूठान जिल्लाबाट यस नगरपालिकाका खेलाडीहरु सहभागी भई कबड्डी (छात्रा) तथा कबड्डी (छात्र)   तर्फ प्रथम हुन सफल भएको साथै २ जना खेलाडीहरु छात्रा कबड्डी तर्फ लुम्बिनी प्रदेशको टिम क्याप्टेन तथा सदस्यको रुपमा सहभागी भइ राष्ट्रियस्तरको राष्ट्रपति रनिङ

शिल्ड प्रतियोगितामा प्रथम स्थान हासिल गरेको साथै १ जना खेलाडी भलिबल (छात्र) तर्फ लुम्बिनी प्रदेश टिमको तर्फबाट सहभागी भई द्वितीय स्थान हासिल गर्न सफल भएको। साथै केन्द्र स्तरीय रनिङ शिल्ड प्रतियोगितामा प्रथम तथा द्वितीय स्थान हासिल गर्न सफल खेलाडीहरु (२ जना छात्रा तथा १ जना छात्र) लाई नगद पुरस्कार सहित सम्मान कार्यक्रम सञ्चालन गरीएको,

- वार्षिक योजना अनुरुप नगरपालिकास्तरीय अर्धवार्षिक परीक्षा र कक्षा १-९ को वार्षिक परीक्षा, आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा साथै नगरपालिकास्तरीय कक्षा ५ को स्तर मापन परीक्षा २०८२ सम्पन्न गरीएको,
- यस आर्थिक वर्षमा सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ./IEMIS फोकल शिक्षकहरुका लागि IEMIS अद्यावधिक सम्बन्धी तालिम, एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम, IT स्रोत शिक्षकहरुका लागि क्षमता विकास तालिम सम्पन्न भएको,
- विषयगत शिक्षकहरुको क्षमता विकासका लागि गणित र विज्ञान तथा प्रविधि विषय शिक्षकहरुका लागि मागमा आधारित शिक्षक मेन्टरिङ कार्यक्रम सम्पन्न गरीएको,
- शैक्षिक सत्र २०८२ मा कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यकताका आधारमा सिकाइ उपलब्धी कमजोर भएका विषयको अतिरिक्त कक्षा सञ्चालनका लागि विद्यालयलाई अनुदान उपलब्ध गराइएको,
- नगरपालिकाद्वारा सञ्चालन गरीएका नगरपालिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा र कक्षा ५ को स्तरमापन परीक्षा साथै राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन गरीएको शैक्षिक सत्र २०८१ तथा २०८२ को SEE र कक्षा १२ को परीक्षामा सर्बोत्कृष्ट सिकाई उपलब्धि हासिल गरेका २३४ जना शिक्षकहरु र सतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउने ७ वटा विद्यालयहरुलाई सम्मान गरियो। साथै कक्षा ५,८,१० र १२ मा तहगतरुपमा सर्बोत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने ५० जना शिक्षकहरु र कक्षा ५,८ , १० र १२ मा प्रथम, द्वितिय र तृतीय स्थान हासिल गर्ने ५० जना विद्यार्थीहरुलाई नगद पुरस्कार सहित सम्मान गरीएको। साथै कक्षा ५, ८ र १० मा प्रथम स्थान हासिल गर्न सफल विद्यालयहरुलाई नगद पुरस्कार सहित सम्मान गरियो।
- शैक्षिक सत्र २०८२ को SEE परीक्षामा ४ GPA प्राप्त गर्ने १ जना विद्यार्थी तथा कक्षा १२ मा ३.९४ GPA प्राप्त गर्ने१ जना विद्यार्थीलाई नगद पुरस्कार सहित सम्मान गरीएको,
- शैक्षिक सत्र २०८२ को SEE परीक्षामा नियमिततर्फ ७५.९३% नतिजा हासिल गरी जिल्लामा प्रथम स्थान हासिल गर्न सफल भएको साथै कक्षा कक्षा १२ को नतिजामा पनि जिल्लामा प्रथम स्थान हासिल गर्न सफल भएको,
- ६१ जना प्रधानाध्यापकहरुका लागि योग, ध्यान तथा सकारात्मक सोचको विकासका लागि योग शिविर श्री जनता माध्यमिक विद्यालय बाग्दुलामा ३ दिने योग शिविर सञ्चालन गरीएको,
- वडा नं. ७ र ८ का विद्यालयमा अध्यापनरत स्वास्थ्य फोकल शिक्षक तथा बालविकास शिक्षक २५ जनालाई दिवा खाजा तथा पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम श्री क्षेत्रविकास माध्यमिक विद्यालय पुण्यखोलामा सञ्चालन गरीएको,
- विद्यालय बाहिर रहेका वालवालिकाहरुको पहिचानका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी सामुदायिक सिकाइ केन्द्र रहेका वडाहरु वडा नं. १, वडा नं. ३, वडा नं. ४, वडा नं. ५ र वडा नं. ६ मा घरधुरी सर्वेक्षण गरीएको जसबाट ३५ जना विद्यालय जाने उमेरका बालबालिका पहिचान गरी वडा नं. ५ मा ५ जना र वडा नं ४ मा २ जनालाई परिचालक मार्फत विद्यालय भर्ना गरिएको
- आ. व. २०८२/०८३ का लागि शिक्षा शाखको शसर्ततर्फः ९३.६१%, निसर्तः ९२.८६% गरी जम्मा औसत ९३.५२% वित्तीय प्रगति रहेको छ।

**महिला बालबालिका, ज्येष्ठ नागरीक तथा समाजकल्याण शाखातर्फकोआ.व २०८२/०८३ का प्रमुख उपलब्धिहरूः**

महिला बालबालिका तर्फ विनियोजित कुल बजेटः- २७ लाख ६० हजार

खर्च – २१ लाख ८० हजार १९१

खर्च प्रतिशत – ७९%

- लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान कार्यक्रममा प्यूठान नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारी, सुरक्षा निकाय, महिला समूह, आमा समूह, राजनितिक दल, लगायत आम जनसमुदायको उपस्थितिमा नगरपालिका तथा वडाका वस्ति स्तरमा लैगिक हिसा तथा अत्महत्या न्यूनिकण सम्वन्धि विभिन्न सचेतनामूलक तथा ऱ्याली कार्यक्रम सम्पन्न भएको,
- महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा नगरपालिका र नगरपालिकाका १० वटै वडाहरुलाई समेटी तिज गीत तथा नृत्य प्रतियेगिता कार्यक्रम गरी सम्पन्न गरीएको
- र्राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा महिला सहकारीहरु बिच गीत, नृत्य तथा खेलकुद प्रतियोगिता कार्यक्रम सञ्चालन गरीएको,
- सिप तथा क्षमता विकास कार्यक्रम अन्तर्गत ११ जना एकल महिलाहरूलाई सहभागी गराइ अचार बनाउने ५ दिने तालिम सञ्चालन गरीएको ,
- नगरपालिका भित्रका ७ जना खुट्टा गुमाएका अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क कृतिम खुट्टा राखिएको र १ जना अपाङ्गता भएका व्यक्तिलाई ह्वीलचीयर प्रदान गरीएको,
- अपाङ्ग दिवसीय कार्यकम अन्तर्गत १५जना विपन्न अपाङ्गहरुलाई न्याने कपडा वितरण कार्यक्रम सञ्चालन गरीएको ।
- २१२ जना ग बर्गका अपाङ्गहरुलाई मासिक रु १००० का दरले २३ लाख ८५ हजार आर्थिक सहयोग प्रदान गरीएको ।
- जिल्ला अपाङ्ग सेवसंघमा रहेका बालबालिकाहरुलाई खद्यान्न तथा स्टेशनरी सहयोग गरीएको।
- ८५ जना नगर तथा वडा स्तरका बाल सञ्जाल तथा बालक्वका सदस्यहरुलाई बाल विवाह तथा बालश्रम न्यूनीकरण सम्वन्धि सचेतना कार्यक्रम सञ्चालन गरीएको
- पि आर वि मिडियाको सहयोगमा नगरपालिकाको बालबालिका बालमैत्री स्थितिपत्र तयार गरीएको,
- ज्येष्ठ नागरीक दिवसको अवसरमा १० जना उत्कृष्ट ज्येष्ठ नागरीक स्याहारर्ताहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरीएको
- ज्येष्ठ नागरीक दिवासेवा कार्यक्रम सञ्चालन गर्नको लागि बयोवृद्ध एंव अनाथल संरक्षण मंच प्यूठानलाई रु १५०००० अनुदान प्रदान गरीएको।
- नगरपालिकाका ७९ बर्षभन्दा माथिका ४२ जना ज्येष्ठ नागरीकहरुलाई बल्यान्केट, लोरो,सम्मानपत्र,लाईट, मच्छरदानी र दोसल्ला प्रदान गरी सम्मान गरीएको
- नगरपालिकाका ८० जना ज्येष्ठ नागरीकहरुलाई लुम्बिनी र गजेन्द्रमोक्ष्यधाम नवलपरासी तिर्थयात्रा गराइएको
- आ.व २०८२/०८३ मा ३४ थप जनालाई अपाङ्गता परिचय वितरण गरीएको,

- आ.व २०८२/०८३ मा हालसम्म २१०३ जना र यस आ व मा थप २३ जना ज्येष्ठ नागरीकहरुलाई परिचय वितरण गरीएको,

**<u>आ.व २०८१/०८२ मा अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरूको वडागत विवरण</u>**

| वडा न. | क | ख | ग | घ | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | २ | | | ४ |
| २ | | ४ | | | ४ |
| ३ | | २ | | | २ |
| ४ | १ | १ | १ | | ३ |
| ५ | १ | १ | | | २ |
| ६ | १ | २ | | | ३ |
| ७ | | १ | | १ | २ |
| ८ | १ | ३ | ४ | | ८ |
| ९ | १ | ० | | १ | २ |
| १० | | २ | २ | | ४ |
| **जम्मा** | ७ | १८ | ७ | २ | ३४ |

## आ.व.२०८२/०८३ मा वन वातावरण तथा विपद् व्यवस्थापन शाखातर्फको बार्षिक प्रगती विवरण :

| सि.नं. | कार्यक्रम | संख्या | रकम | वडा नं. | दलित | जनजाती | अन्य | महिला | पुरुष | भौतिक प्रगती | वित्तिय प्रगती | मुख्य उपलव्धीहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | विपद् व्यवस्थापन तर्फ | | | | | | | | | | | |
| १ | विपद् प्रभावित सहयोग | | | | | | | | | | | |
| १.१ | आगलागी | ५ | ९५००० | | २ | | ३ | २ | ३ | ५ | ९५००० | |
| १.२ | हावाहुरी | ६ | ११५००० | | १ | २ | ३ | ५ | २ | ६ | ११५००० | |
| १.३ | चट्याङ् | १ | ३००० | | १ | | | १ | | १ | ३००० | |
| १.४ | भुकम्प | १ | ३०००० | | | | १ | १ | | १ | ३०००० | |
| १.५ | बाढी पहिरो | ८ | १०५००० | | ५ | १ | २ | ४ | ४ | ८ | १०५००० | |
| १.६ | स्वास्थ्य उपचार | ४९ | ४६४००० | | १६ | १० | २२ | १९ | ३० | ४९ | ४६४००० | |
| १.७ | वेवारिसे लाश व्यवस्थापन | २ | १०००० | | | | | | २ | २ | १०००० | |
| १.८ | छाडा चौपाया नियन्त्रइ तथा व्यवस्थापन | १ | ८००० | | | | | | | १ | ८००० | |
| १.९ | त्रिपाल उपलब्ध | ३२ | २०२००० | | ८ | ४ | २० | २० | १२ | ३२ | २०२००० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१० | मृतक पोष्टमार्टम | १ | १०००० | | १ | | | | १ | १ | १०००० | |
| २.० | वातावरण तथा सरसफाई | . | . | | . | . | . | . | | | . | |
| २.१ | फोहोर व्यवस्थापन | १ | ७२६००० | | | | | | | १ | ७२६००० | |
| २.२ | बाढी प्रभावित पूर्वाधार सञ्चालन र मर्मत | ३७ | ३०१५०४२ | | | | | | | ३७ सडकहरु सुचारु | ३०१५०४२ | रु.७१२६६१ |
| २.३ | निर्माण सामग्री खरीद | २५ | २४३६१८.७५ | | | | | | | २५ मिटर ह्यूम पाईप | २४३६१८.७५ | थप कार्य |
| २.४ | जुवाङ्खोला नियन्त्रण | ६० | ३८८००० | | | | | | | ६० मिटर | ३८८००० | |
| | जम्मा | | **५४१४६६१** | | **३४** | **१७** | **५१** | **५२** | **५४** | **१००.००%** | **११३.६७%** | **२०८ जना** |

**<u>पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखाः</u>**

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

**प्युठान नगरपालिका**

**जिल्ला :** प्युठान **गा.पा/न.पा. :** प्युठान **दर्ता मिति :** २०८२-०४-०१ **देखि दर्ता मिति सम्म :** २०८३-०३-३०

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ३० | ४३ | ७३ | १२ | २५ | ३७ | १० | ३१ | | | ४ | १४ | १५५ |
| २ | ६९ | ५० | ११९ | २० | १४ | ३४ | ५ | ६२ | ११ | ३५ | ९ | ३४ | २४० |
| ३ | ८१ | ७६ | १५७ | १३ | २६ | ३९ | ६ | ४८ | ८ | २८ | ६ | २६ | २६४ |
| ४ | ५५ | ५३ | १०८ | २२ | २२ | ४४ | १० | ६२ | १२ | ५१ | १० | ३२ | २४६ |
| ५ | ८५ | ८१ | १६६ | २० | १५ | ३५ | २ | ६७ | १ | ५ | १५ | ६४ | २८६ |
| ६ | ५० | ३९ | ८९ | १५ | १४ | २९ | ८ | ३७ | | | १० | ४० | १७३ |
| ७ | ४२ | ४० | ८२ | १३ | १२ | २५ | ५ | ३३ | ५ | १५ | ६ | १६ | १५६ |
| ८ | ६४ | ६० | १२४ | २७ | २० | ४७ | १० | ५० | ३ | १० | ९ | ३२ | २४३ |
| ९ | ४४ | ४९ | ९३ | १८ | १३ | ३१ | ५ | ४० | ५ | १६ | १० | ४५ | १८४ |
| १० | ५० | ३२ | ८२ | २२ | २० | ४२ | ९ | ३३ | २ | ७ | ७ | २३ | १७५ |
| **जम्मा** | ५७० | ५२३ | १०९३ | १८२ | १८१ | ३६३ | ७० | ४६३ | ४७ | १६७ | ८६ | ३२६ | २१२२ |

**सामाजिक सुरक्षातर्फ:**

| लाभान्वित वर्ग | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
|---|---|---|
| अन्य ज्येष्ठ नागरीक भत्ता | २२४८ | १० करोड ७६ लखा ३५ हजार ९६६ |
| ज्येष्ठ नागरीक भत्ता (दलित) | ४६६ | १ करोड ३९ लाख ८० हजार ५४५ |
| ज्येष्ठ नागरीक एकल महिला | ४९७ | १ करोड ५५ लाख ७१ हजार ३६२ |
| विधवा | ७९६ | २ करोड ४२ लाख ३७ हजार ५७२ |
| पूर्ण अपाङ्गता भत्ता | ६१ | २८ लाख ६२ हजार ८४९ |
| अति अशक्त अपाङ्गता भत्ता | २२६ | ५६ लाख ५ हजार ७१९ |
| दलित बालबालिका | ७९७ | ४८ लाख १० हजार ७७८ |
| **जम्मा** | **५०९१** | **१७ करोड ४७ लाख ४ हजार ७९१** |

**प्यूठान नगरपालिका कानून इकाईको आर्थिक वर्ष २०८२/०८३ को प्रगति विवरण :**

नेपालको संविधानको धारा २१७ मा व्यवस्था भए अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ ले दिएको अधिकार बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरुको अवस्था।

दर्ता विवादको संख्या: **७६ वटा**

दफा ४७ (१) अन्तर्गत-११ वटा र दफा ४७ (२) अन्तर्गत– ६५ वटा

रितपुर्वक दर्ता भएका विवादहरुको छलफल र समाधानका लागि हालसम्म ५८ वटा मेलमिलाप सत्र सन्चालन भएका छन। यसबाट हालसम्म ३० वटा विवादमा मेलमिलापको माध्यम वाट विवादको अन्तिम किनारा लागेको , ४ वटा विवादको सन्धर्वमा मेलमिलाप हुन नसकी जिल्ला अदालत पठाइएको र बाँकी हुन आउने ४२ विवाद न्यायिक प्रक्रिया रहेका छन्।

कार्यक्रम प्रगति

- विद्यालय तहमा न्यायिक सचेतना कार्यक्रममा (१० वटै वडका माध्यामिक विद्यालय) जम्मा १०५३ जनालाई सचेतिकरण गरीएको।
- विद्यालय तहमा मनोसामाजिक परामर्श सचेतना कार्यक्रम (३ मा.वि. विद्यालय) मा३२०जनालाई मनोसामाजिक परामर्श कार्यक्रम गरी सचेतिकरण गरीएको।
- सुचिकृत मेलमिलापकर्ताहरुलाई जिल्ला अदालतका श्रेस्तेदारको सहजिकरणमा मेलमिलापकर्ताहरु सँग अन्तरक्रिया तथा समन्वयात्मक कार्यक्रम गरीएको।

## धन्यबाद !